राष्ट्रिय सूचना आयोगको

आदेश

मु.नं.३३८/२०७०/०७१

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रिताल ........१ निवेदक

विरूद्ध

प्रधानाध्यापक, श्री जनता उच्च माध्यमिक विद्यालय, जितपुर, धनकुटा ................................१ विपक्षी

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रितालले, श्री जनता उच्च माध्यमिक विद्यालय, जितपुर, धनकुटा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।३।२ मा उजुरी/निवेदन गरेकोमा यस आयोगको मिति २०७१।०३।०९ को आदेश बमोजिम श्री जनता उच्च माध्यमिक विद्यालय, जितपुर, धनकुटाबाट मिति २०७१।०८।२८, च.नं.५४, प.सं. ३०-२०७१।७२ को पत्र मार्फत निवेदक/उजुरीकर्तालाई सूचना उपलब्ध गराई सो को बोधार्थ पत्र यस आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू । यसको जानकारी उजुरीकर्तालाई दिनू ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत २०७१ साल माघ ५ गते रोज २ शुभम् ।